# उच्च अदालत विराटनगर

## इलाम इजलास

मिति:२०७६।१२।२८

सूचना !                    सूचना !!                    सूचना !!!

सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।२८ को पुर्ण बैठकको निर्णय अनुसार यस अदालतबाट सम्पादन हुने कार्यका सम्बन्धमा देहाय बमोजिम हुने वेहोरा सम्वन्धित सेवाग्राही तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा यसै सूचना द्वारा जानकारीका लागि अनुरोध छ ।

१, बन्दाबन्दी (Lockdown) को अवधिमा बन्दीप्रत्यक्षीकरणको निवेदन तथा गम्भीर प्रकृतिका कोभिड-१९ संग सम्बन्धित विषयका रिट निवेदनको दर्ता र सुनुवाई, पक्राउ अनुमति र जरुरी पक्राउ पूर्जीको समर्थन र सो उपरको कारवाही सर्वोच्च अदालतको मिति २०७६।१२।०७ र २०७६।१२।१२ को निर्णयानुसार नियमित रुपमा सम्पादन हुने ।

२, अदालतहरुमा हुने भिडभाड र महामारीबाट फैलिन सक्ने कंक्रमणको जोखिमलाई दृष्टिगत गरी मिति २०७६।१२।१२ को आकस्मिक पूर्ण बैठकको निर्णयबमोजिम अभियोग पत्र दर्ता, बयान, थुनछेक आदेश र म्याद थपकको कार्य यसबिचको अवधिमा स्थगन तथा सो सम्बन्धी सेवा प्रवाह बन्द गरिएकोमा बन्दाबन्दीको अवधि लम्बिदै गएको र अनुसन्धान तहकिकातको क्रममा हिरासतमा रहेका व्यक्तिहरुको सुरक्षित जीवनको हक तथा वैयक्तिक स्वतन्त्रता प्रति विशेष रुपमा संवेदनशीलता अपनाउन अनुमति दिने (म्याद थप गर्ने), अभियोग पत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको वयान लिने, थुनछेक आदेश गर्ने सम्बन्धी कार्य आजकै मिति देखि सम्पादन गरिने ।

३,मुलुकी फौजदारी कर्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनको कारवाही र सुनुवाई, बन्दाबन्दीको अवधिमा भएका लिखत दरपीठ आदेशउपरको निवेदन दर्ता र सुनुवाई कार्य २०७६।१२।३० गतेबाट नियमित रुपमा हुने ।

४, बन्दाबन्दीको (Lockdown) अवस्था समाप्त भएपश्चात अदालतको कामकारवाही व्यवस्थापन गर्न लाग्ने समयसमेतलाई मध्यनजर गरी बन्दाबन्दी अवधी समाप्त भएको मितिले ३ (तीनदिन) पछि मुद्दाको नियमित सुनुवाई लगायतका अन्य कामकारवाहीहरु नियमितरुपमा सम्पादन हुने ।

०७६।१२।२८

नवराज दुलाल
रजिष्ट्रार

रजिष्ट्रार

फोन नं. ०२७-५२०२४८/५२००१२    इमेल:infohciillam@supremecourt.gov.np